नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १२४ २०८२ साल मंसिर २७ गते शनिबार (13 Dec 2025 Saturday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : जेनजी आन्दोलनमा ८४ अर्ब... ३ पृष्ठमा : सोलुमा हिउँले ढाकेका ... ३ पृष्ठमा भारतमा महिलाहरूको आर्थिक ...

# आन्तरिक राजश्व कार्यालय स्थापनाको माग गर्दै रिले अनसन सुरु



**दैनिक समाचारदाता**
**राजविराज, २६ मंसिर ।**

आन्तरिक राजश्व कार्यालय स्थापनाको माग गर्दै विभिन्न चरणको आन्दोलन पश्चात् शुक्रबारदेखी रिले अनसन सुरु भएको छ ।

गठित संघर्ष समितिले दोश्रो चरणको आन्दोलनका कार्यक्रम अन्तरगत राजविराजस्थित गजेन्द्र चौकमा जिल्ला समन्वय समितिका प्रमुख शिवनाराण साहका साथै जिल्लाका १८ वटै पालिका प्रमुखहरुको सहभागितामा उक्त रिले अनसन सुरु भएको हो ।

यसैबीच रिले अनसन स्थलमै पुगेका राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो पनि ऐक्यवद्धता जनाउँदै केहीबेर अनसनमा बसेका थिए । सो क्रममा उनले सप्तरीवासीले उठाएका मागप्रति समर्थनसहित सरकारसँग अविलम्ब माग सम्बोधनका लागि पहल गर्न माग गरे ।

रिले अनसनमा जनप्रतिनिधिका साथै विभिन्न राजनीति दलका प्रतिनिधि तथा उद्योगी व्यवसायीहरुको व्यापक सहभागीता देखिएको छ ।

गत मंसिर १७ गते सरकारले देशभरीका सम्पुर्ण करदाता सेवा कार्यालय खारेज गरेको निर्णय विरुद्ध सप्तरीबासी बुद्धिजिवी राजनीति दल, पत्रकार, जेनजी युवा, विभिन्न संघ संस्था, बैंक तथा वितिय संस्था, व्यापारी, उद्योगी लगायत आन्दोलित भएका छन् ।

यसअघि संघर्ष समितिले पहिलो चरणको आन्दोलनमा दुई दिन जिल्ला प्रशासन कार्यालय सप्तरी अगाडी धर्ना तथा एक दिन पालिका र जिल्लाका कार्यालयहरु बन्दको घोषणा गरेको थियो । त्यसअघि उद्योग बाणिज्य संघको नेतृत्वमा भएको आन्दोलनमा विभिन्न कार्यक्रमसहित १० हजार हस्ताक्षर संकलन गरि जिल्ला प्रशासन कार्यालयमार्फत संघीय सरकारको अर्थ मन्त्रालयलाई बुझाएका थिए ।

जनयुद्ध कालमा आन्तरिक राजश्व कार्यालय राजविराजबाट सिरहाको लहानमा सारिएको थियो । लामो सम्वादपछी बि.स. २०७५ साल भदौं १६ गते तत्कालिन अर्थमन्त्री युवराज खतिवडाले राजविराज वडा नं. ६ सिरहा रोडस्थित करदाता सेवा कार्यालय उद्घाटन गरेका थिए । त्यसपछी उक्त कार्यालय राजविराज वडा नं. ७ स्थित आफ्नै भवनमा सरेको थियो । तर भदौं २५ गते जेनजी आन्दोलनका क्रममा कार्यालयमा आगजनी भएपछी कार्यालय क्षतिग्रस्त हुँदा हाल नजिकैको भाडाको भवनमा

*बाँकी तीन पृष्ठमा*

## करेन्ट लागेर महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २६ मंसिर ।**

करेन्ट लागेर एकजना महिलाको मृत्यु भएको छ । सप्तरी जिल्लाको खडक नगरपालिका वडा नं. ६ जानकीनगरमा करेन्ट लागेर स्थानीय २६ वर्षीया श्यामकुमारी चौधरीको मृत्यु भएको हो ।

विद्युत् सर्ट भई घरमा सुरु भएको आगलागी नियन्त्रण गर्ने क्रममा करेन्ट लागेर घाइते भएकी चौधरीको उपचारका क्रममा बिहीबार मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिएका छन् ।

स्थानिय युगेश्वर साहको घरबाट २५ मिटर पश्चिम रहेको विधुतको पोलमा विधुत सर्टभई आगलागी हुँदा बासको

*बाँकी दुई पृष्ठमा*

## बरामद कपडा र किराना सामानहरु भन्सार बुझाइयो

**दैनिक समाचारदाता**
**राजविराज, २६ मंसिर ।**

सप्तरी प्रहरीले जिल्लाको विभिन्न स्थानबाट भारतबाट अवैध रुपमा भन्सार छलेर ल्याउँदै गरिएका लाखौं मुल्य बराबरको बरामद सामानहरु भन्सार कार्यालय बुझाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरी मातहतका कार्यालयबाट विभिन्न मिति र समयमा कपडा र किराना सामानहरू भारतबाट अवैध रुपमा भन्सार छली तथा चोरी पैठारी गरी ल्याउदै गरेको २ लाख ४२ हजार ७ सय ५० रुपैया बराबरको सामानहरु भन्सार बुझाएको हो ।

प्रहरी प्रवक्ता एवं प्रहरी नायव उपरिक्षक डम्बर बहादुर पुरीका अनुसार ती सामानहरु प्रहरीले नियन्त्रणमा लिई बिहीबार आवश्यक कारवाहीका लागी राजविराज भन्सार कार्यालय बुझाईएको हो ।

## मेरो ३५ वर्षको राजनीति यात्रा र ब्यानर समेत कब्जा : राजेन्द्र महतो




**दैनिक समाचारदाता**
**राजविराज, २६ मंसिर ।**

राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले आफ्नो ३५ वर्षको राजनीतिक यात्रा र ब्यानर उपेन्द्र यादवले कब्जा गरेको आरोप लगाएका छन् ।

जिल्ला कमिटिले शुक्रबार राजविराजमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष महतोले जनता समाजवादी पार्टी नेपालका अध्यक्ष यादव माथि यस्तो आरोप लगाएका हुन् ।

मलेठ घट्ना पछि ६ दल मिलेर बनेको राजपा र त्यसपछि उपेन्द्र यादव नेतृत्वको पार्टीसँग भएको एकिकरणको चर्चा गर्दै महतोले जसपाले मेरो ३५ वर्षको राजनीति यात्रा र ब्यानर समेत कब्जा गरेको बताए ।

"२०७२ सालमा मलेठ घटना पश्चात् सप्तरीवासीको चाहना अनुसार ६ दल मिलेर बनेको राजपा र त्यसपश्चात् उपेन्द्र यादव नेतृत्वको पार्टी समेत एकीकरण हुँदा बनेको जसपाले मेरो ३५ वर्षको राजनीति यात्रा र ब्यानर समेत कब्जा गऱ्यो ।" अध्यक्ष महतोले भने, "एक दशकअघिको ७ पार्टी अहिले छिन्नभिन्न अवस्थामा पुगेको छ ।"

आफु गजेन्द्र नारायण सिंहको चाहना अनुसार शासक वर्गसँग लड्न मधेश र पहाडका

*बाँकी तीन पृष्ठमा*

## जसपा परित्याग गरेका तिवारी रामुपामा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, २६ मंसिर ।**

जनता समाजवादी पार्टी नेपालका केन्द्रिय सदस्यबाट राजिनामा दिएका विकास तिवारी राष्ट्रिय मुक्ति पार्टी नेपालमा प्रवेश गरेका छन् ।


राष्ट्रिय मुक्ति पार्टी नेपाल सप्तरीद्वारा शुक्रबार राजविराजमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष राजेन्द्र महतोल नवप्रवेशी तिवारीलाई माला, टिका लगाई पार्टीमा प्रवेश गराए ।

*बाँकी दुई पृष्ठमा*


तपाई पढाइमा राम्रो हुनुहुन्छ ।
free मा विदेश पढ्न जानुस,



विदेशमा शिक्षा / रोजगार को
A TO Z परामर्श/ सहायक
Contact- Helphome A to z consultancy
Ph- 9816728935 ( govt registered)
( we are not Employment agency)



मात्र एक शुल्कमा



अदालतको संपूर्ण पेसी/ कारवाही
संपर्क - ९८१६७२८९३५

# जेनजी आन्दोलनमा ८४ अर्ब बराबरको क्षति

काठमाडौँ, २६ मङ्सिर (रासस)। गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा करिब ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँ बराबरको भौतिक संरचनामा क्षति भएको जनाइएको छ।

त्यसैगरी, जेनजी आन्दोलनमा क्षतिग्रस्त सरकारी संरचना पुनर्निर्माणमा ३६ अर्ब ३० करोड रुपैयाँ लागत लाग्ने अनुमान गरिएको छ। जेनजी आन्दोलनमा भएको क्षतिको मूल्याङ्कन तथा सार्वजनिक संरचनाको पुनःनिर्माण योजना तयार गर्न गठित समितिले बिहीबार प्रधानमन्त्री सुशीला कार्कीसमक्ष बुझाएको प्रतिवेदनमा भौतिक संरचनाअन्तर्गत दुई हजार १६८ सङ्घसंस्था तथा निकाय प्रभावित भएको उल्लेख छ।

प्रतिवेदनमा भनिएको छ, "समग्रमा हेर्दा ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँ बराबरको भएको समितिको मूल्याङ्कन छ, आन्दोलनका क्रममा सातै प्रदेशमा क्षति भएको थियो।" यस्तो क्षति हुने जिल्ला ५४ र स्थानीय तह २६२ रहेका छन्, प्रतिवेदनअनुसार भदौ २३ गते २० जना, २४ गते ३७ जना र त्यसपछि २० जना गरी कूल ७७ जनाको ज्यान गएको छ। दुई हजार ४२९ जना घाइते भएकामा १७ जना १३ वर्षमुनिका छन्, १३ देखि २८ वर्षका एक हजार ४३३ जना घाइते भएको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनअनुसार १२ हजार ६५९ वटा सवारीसाधन क्षतिग्रस्त हुँदा १२ अर्ब ९३ लाख ६१ हजार रुपैयाँ बराबरको नोक्सान हुनकासाथै सरकारी/सार्वजनिक क्षेत्रको ४४ अर्ब ९३ करोड ७३ लाख रुपैयाँ बराबरको क्षति पुगेको छ।

त्यसैगरी, दुई हजार ६७१ भवनमा क्षति पुगेको छ र त्यसमा पनि क्षतिको मूल्याङ्कन ३९ अर्ब ३१ करोड ७५ लाख रुपैयाँ बराबर रहेको छ।

"सामुदायिक तथा अन्य क्षेत्रको पाँच अर्ब ९७ करोड १७ लाख रुपैयाँ बराबरको क्षति भएको छ, निजी क्षेत्रको क्षतिको मूल्याङ्कन ३३ अर्ब ५४ करोड ८७ लाख रुपैयाँ बराबर र सरकारी क्षतिमा तीन तहमध्ये सङ्घीय सरकारको ६८ प्रतिशत छ भने प्रदेश र स्थानीय तहको क्रमशः १० र २२ प्रतिशत छ", प्रतिवेदनमा भनिएको छ।

सरकारी/सार्वजनिक क्षेत्रमा रु ४४ अर्ब ९३ करोड ७३ लाख बराबर क्षति पुगेको, निजी क्षेत्रको क्षतिको मूल्याङ्कन रु ३३ अर्ब ५४ करोड ८७ लाख बराबर र सामुदायिक तथा अन्य क्षेत्रको रु पाँच अर्ब ९७ करोड १७ लाख बराबर क्षति भएको जनाइएको छ।

राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गत असोज ५ गते गरिएको समितिले बिहीबार ७५ दिनमा आफ्नो प्रतिवेदन सरकारसमक्ष बुझाएको हो।

# आसन्न निर्वाचनमा सशस्त्र प्रहरी दोस्रो घेरामा परिचालित हुने

काठमाडौँ, २६ मङ्सिर (रासस)। सशस्त्र प्रहरी बल नेपालले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई पारदर्शी, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन अन्य सुरक्षा निकायसँग समन्वयात्मक रुपमा परिचालित हुने तयारी गरेको छ।

आगामी फागुन २१ गते हुने आमनिर्वाचनलाई सफल बनाउन भरपर्दो सुरक्षा व्यवस्था प्रदान गर्ने नीतिअनुरुप 'प्रतिनिधिसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना, २०८२' अनुसार परिचालित हुने तयारी गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

त्यसका लागि सशस्त्र प्रहरीले 'प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ सुरक्षा कार्यमा सशस्त्र प्रहरी बल नेपालको परिचालन नीति' तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेको छ।

एकीकृत निर्वाचन सुरक्षा योजनाअनुसार सरकारबाट तोकिएको जिम्मेवारी त्रुटिरहित ढङ्गबाट सम्पन्न गराउन उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गर्नेगरी तयारी गरिएको सशस्त्र प्रहरी प्रवक्ता एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक मनिष थापाले जानकारी दिनुभयो।

प्रधान कार्यालय हल्चोकमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उहाँले सुरक्षा चुनौतीका आधारमा निर्वाचन क्षेत्रलाई अतिसंवेदनशील, संवेदनशील र सामान्यमा वर्गीकरण गरी तोकिएको जिम्मेवारीमा परिचालन गरिने बताउनुभयो। सशस्त्र प्रहरी निर्वाचन सुरक्षार्थ सुरक्षाको दोस्रो घेरामा रही अन्य सुरक्षा निकायसँग समन्वयात्मक रुपमा परिचालित हुनेछ।

निर्वाचन सुरक्षासँग सम्बन्धित विषयवस्तुमा सुपरीवेक्षण, समन्वय एवं सहजीकरणका लागि सशस्त्र प्रहरी मुख्यालयमा केन्द्रीय निर्वाचन सेल, प्रत्येक बाहिनी मुख्यालयमा बाहिनी निर्वाचन सेल र जिल्लामा अप्रेशनल जिम्मेवारीमा रहेका प्रत्येक गण/गुल्ममा निर्वाचन सेल गठन गरिनेछ।

निर्वाचन सुरक्षार्थ सशस्त्र प्रहरी कर्मचारीलाई मोबाइल, स्ट्राइकिङ, क्युआरटी रिजर्भ, निर्वाचन क्षेत्र सुरक्षा, सुरक्षा बेस, कमाण्ड पोष्ट, संयुक्त निर्वाचन परिचालन केन्द्र, जिल्ला निर्वाचन, मुख्य निर्वाचन अधिकृतको कार्यालयलगायत क्षेत्रमा आवश्यक बन्दोबस्तीसहित परिचालन गर्ने नीतिमा उल्लेख छ।

निर्वाचन विरोधी गतिविधि नियन्त्रण एवं आपराधिक क्रियाकलाप नियन्त्रण गर्न सूचना आदानप्रदानलगायत परिचालनमा आवश्यकताअनुसार समन्वयात्मक रुपमा गर्ने, समकक्षी सुरक्षा निकायसँग आवश्यक समन्वय र सहकार्य गरी सीमा इलाकामा प्रभावकारी रुपमा परिचालन गर्ने नीति अख्तियार गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

# आगलागीबाट एक महिनामा आठको मृत्यु, जोखिम न्यूनीकरणमा खट्न प्राधिकरणको आग्रह

काठमाडौँ, २६ मङ्सिर (रासस)। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सुख्खा मौसममा आगलागीजन्य विपद्का घटना हुन नदिन आवश्यक पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभसम्बन्धी कार्यमा समन्वय र सहजीकरण गर्न तीनै तहका सरकारसँग अनुरोध गरेको छ।

प्राधिकरणले शुक्रबार एक सूचना जारी गर्दै राष्ट्रसङ्घीय निकाय, गैरसरकारी सङ्घसंस्था, विकास साझेदार, निजी क्षेत्र, नागरिक समाज र सञ्चार जगतलगायत सम्बद्ध सबैले आफ्नोतर्फबाट आवश्यक पहल एवं सहयोग गर्न अनुरोध गरेको हो।

"प्राधिकरणबाट जारी हुने पूर्वसूचना एवं 'अलर्ट'अनुसार आवश्यक सतर्कताका लागि विशेष भूमिका निर्वाहगरी नागरिक सुरक्षामा योगदान पुऱ्याउनु हुनसमेत आग्रह गर्दछ", प्राधिकरणका प्रवक्ता शान्ति महतद्वारा जारी सूचनामा उल्लेख छ।

पछिल्लो एक महिनाको अवधिमा देशका विभिन्न भूभागमा आगलागीका घटनामा परी आठ जनाको ज्यान गएको छ भने ५५ जना घाइते भएका प्राधिकरणले जनाएको छ। पछिल्लो समय सुख्खायाम र चिसो बढ्दै गएका कारण आगलागीका घटना बढ्दै गएका छन्।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन बहुपक्षीय सहकार्य, समन्वय र सहभागिताबाट मात्र सम्भव हुने उल्लेख गर्दै प्राधिकरणले आगलागीजन्य विपद् रोकथाम तथा न्यूनीकरणका लागि सचेतना अभिवृद्धि गर्न सचेतनामूलक श्रव्यदृश्य सामग्री लक्षित वर्ग, क्षेत्र र समुदायमा पुऱ्याउन आग्रह गरेको छ।

# मन्त्रिपरिषद् विस्तार चार मन्त्रीको सपथ

काठमाडौँ, २६ मङ्सिर (रासस)। नवनियुक्त चार मन्त्रीहरुले शुक्रबार पद तथा गोपनीयताको सपथ लिनुभएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति कार्यालयमा शुक्रबार आयोजित विशेष समारोहमा नवनियुक्त भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री कुमारसिंह इङ्नाम, श्रम, रोजगार तथा तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारी, वन तथा वातावरणमन्त्री माधव चौलागाईं र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठलाई सपथ गराउनुभएको हो।

प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा उहाँहरुलाई राष्ट्रपति पौडेलले शुक्रबार नियुक्त गर्नुभएको हो। गत भदौ २७ गते गठित मौजुदा मन्त्रिपरिषद्को सङ्ख्या शुक्रबारको विस्तारसँगै १४ पुगेको छ।

त्यस अवसरमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री कार्की, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाल, मन्त्रीगण, सवैधानिक निकायका प्रमुख तथा पदाधिकारी, नेपाल सरकारका उच्चपदस्थ अधिकृत, सुरक्षा निकायका प्रमुख तथा अधिकारीलगायत उपस्थित हुनुहुन्थ्यो।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि भदौ २७ गते प्रधानमन्त्री कार्कीको नेतृत्वमा गठित मन्त्रिपरिषद् यसअघि गत भदौ ३०, असोज ६ गते र कात्तिक ९ गते विस्तार भएको थियो।

## लागुऔषध ट्याब्लेटसहित चार जना प्रहरी नियन्त्रणमा

**दैनिक समाचारदाता**
**वीरगन्ज २६ मंसिर।**
पर्सा प्रहरीले ठुलो मात्रामा लागुऔषध ट्याब्लेट सहित चार जनालाई नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका सादा पोशाकमा रहेका क्राइम ब्रान्चको टोलीले विषेश सुचनाको आधारमा वीरगन्जको अलग अलग ठाउँबाट ७६ हजार १ सय ७० पिस लागु औषध ट्रमाडोल क्याप्सुलसहित उनीहरुलाई नियन्त्रणमा लिएको हो।

पर्सा प्रहरीले वीरगन्ज महानगरपालिका वडा नं. १५ स्थित प्रतिमा चौक टिकट काट्ने काउन्टर अगाडी रहेको ०८-००१ज.०११७ नम्बरको ईभी गाडी भित्र सुटकेसमा लुकाई छिपाई राखेको ट्रमाडोल हाईड्रोक्लोराईड क्याप्सुल ६० हजार ५ सय ३० पिस र वीरगन्ज महानगरपालिका वडा नं. २४ रामगढवामा डेरा गरी भाडामा बस्नेको कोठावाट १५ हजार ६ सय ४० पिस ट्रमाडोल क्याप्सुल बरामद गरको पर्सा प्रहरी प्रमुख प्रहरी उपरीक्षक सुदिप राज पाठकले एक पत्रकार सम्मेलन गरी सार्वजनिक गरेका छन्।

उक्त लागु औषध ट्रमाडोल क्याप्सुल सहित पक्राउ पर्नेमा जिल्ला पर्सा वीरगन्ज महानगरपालिका वडा नं. २४ बस्ने वर्ष २० का युवराज पटेल, सोही ठाउँका वर्ष २१ का अफजल देवान, जिल्ला धादिङ बेनिघाट रोराङ गाउँपालिका वडा नं. ६ बस्ने वर्ष १९ का रामहरी मगर मगर र धादिङ जिल्लाका सिदलेख गाउँपालिका वडा नं. ७ बस्ने वर्ष १९ का राजकुमार मगराती रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक पाठकले जनाएका छन।

उक्त लागु औषध ट्रमाडोल क्याप्सुल सहित पक्राउ परेकाहरुलाई पर्सा जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको एसपी सुदिप राज पाठकले जनाएका छन।

पर्सा प्रहरीले उनीहरु माथी लागु औषध समबन्धि कारोवार अन्तर्गत मुद्दा चलाउने तयारी भइरहेको प्रहरीले जनाएको छ।

प्रहरीले पर्सा जिल्लामा अहिले सम्म पक्राउ गरेको लागु औषध मध्ये यो सव भन्दा ठुलो परिमाणमा रहेको एसपी पाठकले दाबी गरेका छन्।

## ट्रकमा कार ठोक्किँदा वृद्धको मृत्यु

रौतहट, २६ मङ्सिर (रासस)। पूर्व-पश्चिम राजमार्गअन्तर्गत रौतहटको चन्द्रनिगाहपुरमा शुक्रबार बिहान ट्रक र कार एकापसमा ठोक्किँदा वृद्धको मृत्यु भएको छ।

बिहान चन्द्रपुर नगरपालिका-४ स्थित पूर्व-पश्चिम राजमार्गको पश्चिम पहिलो लच्का नजिकै पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको बाप्र ०३-००१ ख ११४८ नंको ट्रकमा विपरीत दिशातर्फ आउँदै गरेको बा ३ च ६१९३ नंको कारसँग ठोक्किँदा वृद्धको मृत्यु भएको हो।

मृत्यु हुनेमा बाराको निजगढ नगरपालिका-३ सिगौल बस्ने वर्ष ७९ का भक्तबहादुर खत्री रहेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायव उपरीक्षक रुपा लाबुङले जानकारी दिनुभयो। कार बाराको निजगढबाट चन्द्रनिगाहपुरतर्फ आउँदै थियो।

दुर्घटनामा परी कार चालक दिनेश थपलिया र चन्द्रपुर-६ बस्ने डोरमणि सापकोटा घाइते हुनुभएको छ उहाँहरुको चन्द्रनिगाहपुरस्थित सिभिल अस्पतालमा उपचार भइरहेको छ। ट्रक चालक मकवानपुरको हेटौँडा उपमहानगरपालिका-७ बस्ने ५३ वर्षीय श्यामबहादुर तितुङलाई प्रहरीले नियन्त्रणमा लिएको प्रहरी नायव उपरीक्षक लाबुङले जानकारी दिनुभयो।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

### करेन्ट लागेर ...

टाटी र टिनले छाएको घरमा आगो निभाउने क्रममा उनी घाइते भएकी थिइन्।

करेन्ट लागेर गम्भीर घाइते उनलाई प्रारम्भिक उपचारका लागि कल्याणपुरस्थित स्थानीय अस्पताल लगिएको र अवस्था गम्भीर भएपछि थप उपचारका लागि राजविराजको गजेन्द्र नारायण सिंह अस्पताल ल्याइएकोमा चिकित्सकले मृत घोषणा गरेको प्रहरी नायव उपरीक्षक पुरीले बताए।

शम्भुनाथ नगरपालिकाको दमकल, नेपाल प्रहरी र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिईएको प्रहरीले जनाएको छ।

### जसपा परित्याग ...

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालका नेता विकास तिवारीले बिहीबार पार्टी परित्याग गरेका थिए। उनले अध्यक्ष यादवलाई पत्राचार गरी सो पार्टीको कुनै पदमा नरहने जानकारी गराएका थिए।

# सोलुमा हिउँले ढाकेका भाग घट्दै

सुवास दर्नाल
सोलुखुम्बु, २६ मङ्सिर (रासस) ।

दशकौँदेखि यहाँ हिमाल, चिसो बतास र आकाश छोएर उभिएजस्ता देखिने चम्किला चुच्चुराबाट यो जिल्ला परिचित रहँदै आएको थियो ।यसबाट पर्यटक मोहित हुन्थे । पछिल्ला दिन हिमालमा हिउँ कम पर्न थालेको छ ।

"अर्कै युग सुरु भएको छ जस्तो लाग्छ," खुम्बुका वृद्ध पासाङ शेर्पाले भन्नुभयो, "बाल्यकालदेखि सेताम्य हिमाल मात्रै देख्यौँ, तर अहिले त पहाडको आधा भाग कालो चट्टानजस्तो देखिन्छ, हेर्नुस् त हाम्रो आँखैअघि देखिएका यी हिमाल कहाँ हिमालजस्ता छन् र ? कति धेरै फरक भइसक्यो ।"

दुई दशकअघिसम्म जिल्लाको माथिल्लो भाग नाम्चे, खुम्जुङ, तेङ्बोचे, लोबुचेदेखि गोरक्षेपसम्म हिउँले भरिएको देखिन्थ्यो । तर हालका वर्षमा हिउँ पर्ने समय छोटिएको मात्र होइन, पर्वतको सतहमा टाँसिएको हिउँका कण पनि तीव्रगतिमा पग्लिन थालेको स्थानीय लामाकाजी शेर्पाले बताउनुभयो । विगतमा वर्ष भरी नै सेतो हिउँले ढपक्कै ढाकिने सगरमाथा, ल्होत्से, नुप्चे, आमादब्लम, थामसेर्कुजस्ता हिमाल अहिले कालो चट्टान र पर्वतका रङ्ग स्पष्ट देखिनु आजभोलिको सामान्य दृश्य जस्तै बनेको छ । सगमाथा क्षेत्र अवलोकनका लागि आउने पर्यटक उक्त अस्वभाविक दृष्य देखेर अच्चमित हुने गर्छन् भने स्थानीयलाई भने सोही दृष्य अब सामान्य जस्तै लाग्न थालेका छन् ।

"भ्रमणकर्ताहरूको जिज्ञासापछि हामी पनि सोच्न बाध्य हुन्छौँ नत्र अब त हामीलाई सामान्य जस्तै लाग्न थालिसक्यो किन की यो प्रकृया तीव्रगतिमा बढिरहेको छ, सोधौँ हामीले कसलाई सोध्ने ? रोकौँ कसरी रोक्ने ? केही विकल्प नहुँदा हामी चुपचाप बस्न बाध्य छौँ ।" खुम्जुङका फुडोमा शेर्पाले भन्नुभयो । "पृथ्वी तातो हुँदा हिमालको हिउँ हरेक वर्ष पातलो हुँदै गएको हो," सगरमाथा राष्ट्रिय निकुञ्जका पूर्वप्रमुख संरक्षण अधिकृत भुमिराज उपाध्याय भन्नुहुन्छ, "हिउँले ढाकेका भाग घट्दै गएका छन् ।

हालका वर्षमा मौसमचक्र नै उल्टो भएको स्थानीयको बुझाइ छ । जोरसल्लेका पेमा शेर्पा भन्नुहुन्छ "पहिलेदेखि जाडो कडा हुन्थ्यो तर सहन सकिन्थ्यो । अहिले भने जाडोमा हड्डी नै कटकट दुख्ने गरी चिसो हुन्छ । गर्मीमा त झनै, हिमालकै काखमा बसेर पनि पसिना आउने गरी तातो हुन्छ ।

उच्च हिमाली क्षेत्रमा सन् १९७० पछि तापक्रम करिब १.५ डिग्री सेल्सियसले बढेको बताइएको छ । तापमानले रेखा नाघेपछि हिमालको सतहमा जम्ने हिउँको मात्रा घट्ने, जमिसकेको हिउँ द्रुत पग्लने र पर्वतको चट्टानी भाग खुला देखिनु स्वाभाविक प्रक्रियाजस्तै बन्दै गएको वातावारणविद् राजन थापाको भनाइ छ ।

उहाँ भन्नुहुन्छ, "हिमालमा कालो रङ देखिनु केवल हिउँ पग्लिनुको कारण होइन । विशेष कारणमध्ये हिमालबाट खसेको ठूलो चट्टान सतह, सुक्खा हिउँ पग्लेर बनेको चट्टानी पट्टी, वायुमण्डलबाट जम्मा हुने ब्ल्याक कार्बन र निकुञ्ज क्षेत्रमा बढ्दो मानवीय गतिविधि-मुख्यरूपमा उल्लेखनीय छन् ।"

गत वर्षको साउन ३२ गते शुक्रबार दिउँसो थामेखोलामा आएको बाढीले खुम्बु क्षेत्रमा वितण्डा मच्चियो । स्थानीयहरू अझै पनि त्यो क्षण सम्झँदा डराउँछन् । यसले २० भन्दा बढी घरमा क्षति पुर्‍यायो । विद्यालय, स्वास्थ्यचौकीसहित सरकारी संरचनादेखि पर्यटक पदमार्ग तथा स्थानीयको घर खेत, कामचलाउ संरचना, पशुका गोठ, जलविद्युत आयोजनासमेत बगाएर लग्यो । थामेको बाढी तल झर्दै आइपुग्दा फाक्दिङ-नाम्चे जाने मुख्य पर्यटकीय पदमार्ग नै कटान गरियो ।

खुम्बु क्षेत्रको पर्यटनलाई नेपालको सम्पूर्ण पर्यटन आयको मेरुदण्ड मानिन्छ । त्यही मेरुदण्ड जलवायु सङ्कटका कारण हरेक वर्ष कम्जोर हुँदै गएको छ । फेरिचे, इम्जा र खुम्बु क्षेत्रमा हिमतालको विस्तार तीव्र गतिमा बढेको छ । इम्जा ताल २० वर्षमा ६५ प्रतिशतले ठूलो भएको तथ्यले खुम्बु क्षेत्रमा जलवायु परिवर्तन कति तेज छ भन्ने स्पष्ट सङ्केत दिएको छ ।

इम्जा, थामसेर्कु बेसिन, खुम्बु बेसिनजस्ता क्षेत्र अहिले उच्च जोखिम सूचीमा रहेका बताइएको छ । खुम्बुका पशी लामा भन्नुहुन्छ, "पहिला हामी हिमताल फुट्ने कथा सुन्थ्यौँ, अब त्यसैको डर लिएर दिन बित्छ । हिउँ पग्लिएर ताल ठूलो हुँदै गएपछि यहाँका गाउँ, पुल, बाटो, बस्ती सबै जोखिममा छन् ।"

यहाँको पहिचान यहाँको जीवनशैली हिमालसँग गाँसिएको छ । पहिलादेखि सधैँ हिउँले भरिएको चिसो मौसममा गोठमा पशु राख्ने, पानी हिउँबाट पगालेर प्रयोग गर्ने, खेतीपाती तय गर्ने परम्परा पनि बदलिन थालेको छ । हिउँ कम परेपछि खोला नालामा पानी घटेको छ । दुधकोशी, इम्जा खोला, खोलाजस्ता स्रोत वर्षायामपछि मात्र बढ्छन्, तर हिउँ पग्लिने गति अनिश्चित भएकोले सुक्खा मौसममा पानी अभाव देखिन थालेको छ ।

जलवायु परिवर्तनसँगै ट्रेकिङ मार्गमा पहिरो, हिउँपहिरो र चट्टान खस्ने जोखिम बढेको उहाँको तर्क छ । स्थानीय गाइड बल दर्नाल भन्नुहुन्छ, "पहिला जसरी योजना बनाइन्थ्यो, अहिले मौसम अनिश्चित भएकाले पर्यटकका लागि जोखिमको हिसाबले धेरै सावधानी आवश्यक हुन्छ ।" यहाँको पहिचान जोखिममा पर्न सक्ने आरोही स्पीडकाजी शेर्पाको चिन्ता छ ।

### *आन्तरिक राजश्व ...*

संचालन हुँदै आएको छ ।

यसैबीच मधेश प्रदेशका मुख्यमन्त्री कृष्णा यादव र अर्थमन्त्री महेश प्रसाद यादवले संघीय सरकारका अर्थमन्त्री रामेश्वर खनालसंग भेट गरी आन्तरिक राजस्व कार्यालय स्थापनाका लागि पहल थालेका छन् ।

मधेश प्रदेशका नवनियुक्त अर्थमन्त्री महेश प्रसाद यादवले राजविराजमा हुँदै आएको आन्दोलनबारे अर्थमन्त्री खनाललाई जानकारी गराउँदै ज्ञापनपत्र बुझाएर अर्थमन्त्री खनालको ध्यानाकर्षण समेत गराए । ध्यानाकर्षणपत्र बुझ्दै अर्थमन्त्री खनालले राजविराजमा करदाता सेवा कार्यालय हाललाई यथावतै राख्ने प्रतिबद्धता जनाएको मधेश प्रदेशका अर्थमन्त्री यादवले जानकारी दिए । राजविराजमा करदाता सेवा कार्यालय हाल यथावतै रहने र पछी सोही कार्यालयलाई स्तरोन्नती गरि आन्तरिक राजस्व कार्यालयमै परिणत गर्ने योजना रहेको अर्थ मन्त्री खनालले प्रतिवद्धता जनाएको अर्थमन्त्री यादवको भनाई छ ।

सप्तरीमा ७२ हजार भन्दा बढी करदाता रहेका छन् । यस कार्यालयले गत आ.व. २०८१/०८२ मा कार्यालयले ८७ करोड २७ लाख रुपैयाँ राजस्व संकलन गरेको थियो ।

### *मेरो ३५ वर्षका ...*

आदिवासी जनजातीलाई समेटेर राष्ट्रिय मुक्ति पार्टीको गठन गर्न बाध्य भएको उल्लेख गरे ।

विगतमा सरकार चलाएको एमाले, काँग्रेस र माओवादी लगायत ठुला दल फेरी सत्तामा पुगेर ब्रह्मलुट मचाउने दाउमा रहेको भन्दै उनीहरुबाट सावधान रहनुपर्ने कुरामा महतोले जोड दिए ।

उनले विगतमा सरकारको नेतृत्व गर्दा ब्रह्मलुट मचाएर व्यापक भ्रष्टाचार गरेका दलहरु नै अहिले संसद पुनर्स्थापनाको ढोल पिटी रहेको टिप्पणी गर्दै यस्तो व्यवहारले जेनजी आन्दोलनको पनि अपमान हुने दावी गरे ।

आफ्नै नेतृत्वको नेपाल राष्ट्रिय मुक्ति पार्टी विचार सहितको विकल्पका रुपमा अघि बढिरहेको दावीका साथ यसको विस्तारमा सबैले सहयोग गर्नुपर्ने उनको आग्रह थियो ।

कार्यक्रममा पार्टीका महासचिव सन्तोष मेहता, सहमहासचिव गजेन्द्र कुमार मण्डल, राजनीतिक समिति सदस्य राजनाराण साह, जिल्ला संयोजक दीपेन्द्र चौधरी, नवप्रवेशी एवं स्व. गजेन्द्रनारायण सिंहका अनुयायी विकास तिवारी लगायतले आ-आफ्नो धारणा राखेका थिए ।


कृषि उत्पादनमा आत्मनिर्भर बनौं ।

❖ कृषियोग्य जमिनमा खेती गरौं, बाँझो नराखौं,
❖ स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
❖ कृषि उत्पादनको उचित मुल्य निर्धारण गरौं,
❖ आयातित वस्तुलाई प्रतिस्थापन गरौं,
❖ आधुनिक प्रविधि र सिँचाइ प्रणालीको प्रयोग गरी उत्पादन बढाऔं,
❖ कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
❖ कृषकलाई सीप, तालिम र सहुलियत ऋण उपलब्ध गराऔं,
❖ कृषि सहकारी र समूह खेतीमार्फत सामूहिक खेतीमा आवद्ध होऔं,
❖ युवाहरूलाई कृषिमा आकर्षित गर्न नवीन अवसर र प्रविधि उपलब्ध गराऔं,
❖ कृषि पेशाप्रति सम्मान र गौरव गरौं ।

कृषि उत्पादन बढाऔं,आत्मनिर्भर बनौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड


## विश्व समाचार

### भारतमा महिलाहरूको आर्थिक पहुँच बढाउन एडीबीद्वारा दश करोड अमेरिकी डलर ऋण स्वीकृत

मनिला, २६ मङ्सिर (रासस/सिन्ह्वा) ।

भारतमा कम आए भएका महिलाहरुको आर्थिक पहुँच बढाउन एसियन डेभलपमेन्ट बैङ्क (एडीबी) ले शुक्रबार फाइभ स्टार बिजनेस फाइनान्स लिमिटेड (एफ बी एफ एल) सँग दश करोड अमेरिकी डलर ऋण सम्झौतामा हस्ताक्षर गरेको छ । जसले भारतमा कम आय समूहका महिलाहरूका लागि सूक्ष्म, साना र मध्यम आकारका उद्यम र व्यवसायमा पहुँच विस्तार गर्न सघाउने अपेक्षा गरिएको छ । महिला उधारकर्ताहरूका लागि कम्पनीको ऋण पोर्टफोलियो बढाउने उद्देश्यले यस ऋणलाई परियोजनाको कोषका लागि प्रयोग गरिने बैङ्कले जनाएको छ । कोषहरू अन्तर्राष्ट्रिय मापदण्डसँग जोडिएको सामाजिक वित्त ढाँचा अन्तर्गत तैनाथ गरिनेछ, जुन एडीबी प्राविधिक सहयोग मार्फत बाह्य रूपमा प्रमाणित हुनेछ ।

यसले एफबिएफएललाई अनुकूल ग्राहक संलग्नता, डिजिटल वित्तीय साक्षरता कार्यक्रम, र समावेशी कार्यस्थल प्रशिक्षण सहित यसको सञ्चालन भित्र लैङ्गिक-उत्तरदायी अभ्यासहरू समावेश गर्न सहयोग गर्नेछ । "भारतमा महिला उद्यमीहरू, विशेष गरी कम आय वर्गका महिला उद्यमीहरूले आर्थिक अभाव, अनौपचारिक आय स्रोत र सीमित वित्तीय साक्षरता जस्ता प्रणालीगत अवरोधहरूको सामना गर्दै आएको भारतका लागि एडीबीका कन्ट्री डाइरेक्टर मियो ओकाले बताउनु भएको छ । एफबिएफएलले मुख्य सहरहरू र त्यसभन्दा बाहिर महिला उधारकर्ताहरूलाई सहयोग गर्ने लगायत कम सेवा प्राप्त क्षेत्रहरूको सेवा गर्न वित्त प्रदान गर्दछ भने कम्पनीले भारतमा ७०० भन्दा बढी शाखाहरू मार्फत चार लाख भन्दा बढी उधारकर्ताहरूलाई सेवा दिदै आएको छ ।

### जापानमा भालु आक्रमण तिव्र

टोकियो, २६ मङ्सिर (रासस/एएफपी) ।

जापानको "स्की" रिसोर्टमा शुक्रबार भालु देखा परेको रिपोर्ट प्राप्त गरेको बताएको छ । गत अप्रिल देखि देशभर भालुको आक्रमणद्वारा रेकर्ड १३ जनाको मृत्यु भएको छ भने भालुहरू घरभित्र प्रवेश गर्ने, विद्यालयहरू नजिकै घुम्ने र सुपरमार्केटहरूमा तोडफोड गर्ने घटनाहरू नियमित रूपमा रिपोर्ट गरिएको छ । नागानो क्षेत्रको हकुबा ४७ माउन्टेन स्पोर्ट्स पार्ककी काजुया शिराकावालाई उदृत गर्दै एएफपीले "आइतवार दुईवटा स्थानमा भालु देखिएको रिपोर्ट प्राप्त गरे देखि हरेक दिन भालुहरूको खुट्टाको छाप छ कि छैन भनेर जाँच गर्न गस्ती गरिरहेको बताउनु भएको छ । भालुहरू सामान्यतया जाडोमा लुक्ने गरेकोमा यस महिनाको सुरुमा यस क्षेत्रमा एक व्यक्तिलाई उहाँको घर नजिकै हिउँ सफा गर्दा आक्रमण गरेको जनाइएको छ । जापानी सरकारले आक्रमणमा भएको वृद्धिलाई सामना गर्न थप सतर्कता अपनाइरहेको छ, भने वैज्ञानिकहरूले घट्दो मानव जनसङ्ख्या र द्रुत गतिमा बढिरहेको भालुहरूको जनसङ्ख्याले आक्रमण बढी रहेका बताएका छन् ।

### चीनको अन्तरिक्ष योजना : नयाँ उपग्रह समूहले इन्टरनेट सेवा सुदृढ पार्ने

वेनचाङ, हेनान, २६ मङ्सिर (रासस/सिन्ह्वा) ।

चीनले हेनान प्रान्तको वेनचाङमा रहेको व्यावसायिक प्रक्षेपण केन्द्रबाट लङ मार्च-१२ रकेटमार्फत नयाँ इन्टरनेट उपग्रह समूह सफलतापूर्वक अन्तरिक्षमा पठाएको छ । बिहान ७ बजे प्रक्षेपण भएको यस रकेटले तल्लो-कक्षमा सञ्चालन हुने उपग्रहहरूको १६औँ समूह बोकेको थियो ।

प्रक्षेपणपछि सबै उपग्रहहरू तोकिएको कक्षामा सुरक्षित रूपमा प्रवेश गरेका छन् । यी उपग्रहहरूको सञ्चालनले चीनको इन्टरनेट सेवालाई द्रुत, स्थिर र व्यापक बनाउने अपेक्षा गरिएको छ । साथै, दुर्गम क्षेत्रहरूमा सञ्चार पहुँच विस्तार गर्न र आपतकालीन सेवामा पनि यसको प्रयोग हुने जनाइएको छ । लङ मार्च-१२ नयाँ पुस्ताको विश्वसनीय रकेट हो, जसले भारी पेलोडलाई उच्च सफलतासाथ कक्षामा पुऱ्याउने क्षमता राख्छ । चीन निरन्तर उपग्रह प्रक्षेपणमार्फत विश्वस्तरीय उपग्रह-इन्टरनेट प्रणाली निर्माण गर्ने लक्ष्यमा अघि बढिरहेको छ ।

### इन्डोनेसिया नवीकरणीय ऊर्जातर्फ उन्मुख : २०२६ पछि डिजेल आयात रोकिने

जाकार्ता, २६ मङ्सिर (रासस/सिन्ह्वा) ।

इन्डोनेसियाले ऊर्जा सुरक्षालाई सुदृढ पार्ने उद्देश्यसहित सन् २०२६ देखि डिजेलको आयात पूर्ण रूपमा बन्द गर्ने लक्ष्य तय गरेको छ । सरकार बायोडिजेल कार्यक्रमलाई तीव्रगतिमा विस्तार गर्दैछ र घरेलु तेल प्रशोधन क्षमतामा वृद्धि गरिरहेको छ, जसले विदेशी इन्धनमा निर्भरता कम गर्नेछ । देशभर लागू गरिने नयाँ 'बी-५० बायोडिजेल' मिश्रण यस योजनाको मुख्य आधार हो र सन् २०२६ देखि यसको प्रयोग सुरु हुने लक्ष्य राखिएको छ ।

ऊर्जा तथा खनिज स्रोत मन्त्री बाहलिल लाहादालियाका अनुसार, बी-५० कार्यक्रम र तेल शोधन गृहको क्षमता वृद्धिले इन्डोनेसियालाई डिजेल आयात रोक्ने अवस्थामा पुऱ्याउनेछ। बलिकपापन शोधन गृह विस्तारपछि यसको दैनिक प्रशोधन क्षमता ३६० हजार ब्यारेल पुग्नेछ, जसले घरेलु उत्पादन बढाएर डिजेल आयातमा दीर्घकालीन कमी ल्याउने अपेक्षा गरिएको छ । इन्डोनेसिया लामो समयदेखि यातायात, औद्योगिक कार्य र विद्युत् उत्पादनका लागि आयातित डिजेलमा निर्भर थियो। तर बढ्दो विश्व बजार मूल्य र आयात खर्चका कारण सरकारले घरेलु विकल्प विकासमा जोड दिएको छ। पाम तेलबाट तयार हुने बायोडिजेलले किसानको आय बढाउन, उद्योग विस्तार गर्न र ऊर्जा मिश्रणलाई विविधिकरण गर्न महत्वपूर्ण योगदान दिएको छ । हाल इन्डोनेसियामा बी-४० बायोडिजेल नीति लागू छ, र बी-५० मा रूपान्तरणपछि देश विश्वमै ठूलो मात्रामा बायोडिजेल प्रयोग गर्ने अग्रणी राष्ट्रको सूचीमा अझ मजबुत रूपमा उभिने अपेक्षा गरिएको छ ।

# निशुल्क आखा शिविरबाट २ सय ४८ जनाले लिए सेवा



**दैनिक समाचारदाता**
**राजविराज, २६ मंसिर ।**
सप्तरीको सुरुङ्गा नगरपालिकामा तीनदिने नि:शुल्क आँखा उपचार स्वास्थ्य शिविर सुरु भएको छ ।

सुरुङ्गा नगरपालिकाको आर्थिक सहयोग र नेपाल नेत्रज्योती संघ सगरमाथा आँखा अस्पताल लहानको प्राविधिक सहयोगमा उक्त शिविर सुरु भएको हो ।

शिविरको पहिलो दिन बिहीबार वडा नं. २ स्थित जनता मावि भेडियाबाट २ सय ४८ जनाले सेवा लिएको सुरुङ्गा नगरपालिकाका नगरप्रमुख गीता चौधरीले बताइन् ।

उनले १ सय ४९ जना महिला र ९९ जना पुरुषले सेवा लिएकोमा त्यसमध्ये ७८ जना मोतियाविन्दुको रोगी भेटिएकाले उनीहरुको नि:शुल्क अपरेसन गरिने जानकारी दिइन् ।

नि:शुल्क शिविरमा नगरपालिकाको वडा नं. १, २, ३ र ४ का स्थानीयवासीले आँखा परीक्षण तथा उपचार सेवा लिएको नगरप्रमुख चौधरीको भनाइ छ ।

# खेलकुद महोत्सव सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, २६ मंसिर ।**
राजविराजस्थित लिटिल फ्लावर सेकेन्ड्री स्कूलले विगत १८ वर्षदेखी प्रतियोगिता तथा खेलकुद महोत्सवको आयोजना गर्दै आएको छ ।

विद्यालयका संस्थापक देव परिवारले संस्थापिका स्व. यशोधादेवी देवको नाममा पुरस्कार कोष स्थापना गरी सो महोत्सव आयोजना गर्दै आएको हो ।

उक्त विद्यालयको खेल मैदानमा विगत एक सातादेखी संचालन भइरहेको "यसोधादेवी देव मेमोरियल भलिबल रनिङ ट्रफी च्याम्पियनशीप तथा वार्षिक खेलकुद महोत्सव २०८२" शुक्रबार समापन भएको छ ।

महोत्सव अन्तरगत भलिबलका साथै विभिन्न खेलकुद प्रतियोगितामा विद्यालयका विद्यार्थीहरुबीच प्रतिस्पर्धा गराइएको थियो ।

बिद्यालयका संस्थापक प्रिन्सिपल डा. कमानन्द देवको अध्यक्षतामा आयोजित पुरस्कार बितरण समारोहमा प्रमुख अतिथि वडा अध्यक्ष अरुण यादव, नेपाल खेलकुद पत्रकार मञ्च सप्तरीका अध्यक्ष मनोज कुमार माझी, पूर्व वन अधिकृत हरिनारायण मण्डल, अभिभावक एवं सशस्त्र प्रहरीका सई जयराम मण्डल लगायतले बिजयी खेलाडीहरुलाई ट्रफी, सम्मान पत्र तथा नगद पुरस्कार प्रदान गरे ।

# सशस्त्र प्रहरीद्वारा ९१ किलो गाँजा बरामद

**दैनिक समाचारदाता**
**पर्सा, २६ मंसिर ।**
सशस्त्र प्रहरी बल नेपाल पर्साले पर्साको ठोरी गाउँपालिकाबाट अवैध ९१ किलोग्राम गाँजा बिहीबार बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल, सीमा सुरक्षा गुल्म सुवर्णपुरबाट खटिएको टोलीले पर्साको ठोरीबाट भारततर्फ लैजाँदै गरेको सो परिमाणको गाँजा बरामद गरेको हो ।

सशस्त्र प्रहरी बल नेपाल नं १३ गण पर्साका सूचना अधिकारी विश्वराज योञ्जनले नेपालतर्फबाट भारत लैजान खोज्दै गरेको १० प्लाष्टिकका पोकामा रहेको गाँजा बरामद गरेको जानकारी दिए ।

उनले बरामद भएको गाँजालाई आवश्यक कानुनी प्रक्रिया पूरा गरेर इलाका प्रहरी कार्यालय ठोरीमा बुझाइएको जानकारी दिए । सशस्त्र प्रहरीले सीमावर्ती क्षेत्रमा हुने चोरी तस्करी तथा लागुऔषध ओसारपसार कार्यलाई निस्तेज पार्ने अभियान तीव्र पार्दै आइरहेको जनाएको छ ।

# बसको ठक्करबाट साईकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २६ मंसिर ।**
सप्तरीको कञ्चनरुप नगरपालिकामा शुक्रबार बसको ठक्करबाट एक साईकल चालकको मृत्यु भएको छ

पूर्व पश्चिम राजमार्ग अन्तरगत सो पालिका वडा नं. ८ बेरियर चोकस्थित चार्जिङ स्टेशन अगाडी भएको दुर्घटनामा ४८ बर्षीय साईकल चालक पुरुषको मृत्यु भएको हो ।




मृतकको नाम ठेगाना भने खुल्न नसकेको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए ।

काँकडभिट्टा बाट हटौडा तर्फ आउदै गरेको प्र१-०१-००१ ख ४१०६ नं. को यात्रु बाहक बसले बिपरित दिशाबाट जादै गरेको साईकल यात्रीलाई ठक्कर दिदा उनी गम्भिर घाईते भएका थिए ।

स्थानिय अस्पतालमा सामान्य उपचार पश्चात थपउपचारको लागि गजेन्द्र नारायण सिंह अस्पताल राजविराज पठाईएकोमा त्यहाँ उपचारका क्रममा साईकल चालकको मृत्यु भएको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ ।

## श्री बजरङ्गी आधारभूत विद्यालय

SHREE BAJRANGI ADHARBHUT SCHOOL
महादेवा-६,अण्डीपट्टी,ढिकुली,सप्तरी
MAHADEVA RURAL MUNICIPALITY-6,ANDIPATTI DHIKULI,SAPTARI
मधेश प्रदेश,नेपाल
MADHESH PROVINCE,NEPAL
स्था.२०१६ Estd.2016

पत्र संख्या :-०८२/०८३
चलानी नं. :- १६

EMIS Code : 150150002
मिति: २०८२/०८/२१

विषय : विज्ञापन सम्बन्धमा ।

प्रस्तुत विषयमा महादेवा गा.पा.को कार्यालय बथनाहा सप्तरीको. च.न.१४५२ मिति २०८२/०३/२८ को प्राप्त बिज्ञापन अनुमति पत्र तथा यस विद्यालयको वि.न.स. मिति २०८२/०६/०५ गते बसेको बैठकको निर्णय अनुसार विद्यालयमा रिक्त रहेको विद्यालय कर्मचारी ( कार्यालय सहयोगी ) कोटा सं. - १ (एक) पदमा नियुक्ति गर्न विद्यालयबाट स्वीकृत शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन कार्यविधि २०८१ र प्रचलित शिक्षा ऐन तथा नियमावलीको परिधी भित्र रही इच्छुक उम्मेदवारहरुबाट पदपुर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिमको कागजातहरु सहित दरखास्त दिने मिति २०८२/०८/२१ गते देखि १५ दिनको सुचना म्याद राखी विज्ञापन प्रकाशित गरिएको छ ।

१. विज्ञापन नं. ०१/०८२/०८३
२. पद संख्या :- ०१ (एक)
३. पद : कार्यालय सहयोगी
४. शैक्षिक योग्यता : साधारण लेखपढ ।
५ उमेर : पुरुषको हकमा ३५वर्ष महिलाको हकमा ३९ वर्ष ननाघेको ।
६. दरखास्त दस्तुर रु . ७००/- (सात सय मात्र । )
७. परीक्षाको किसिम : छनोट समितिले तोके बमोजिम ।
८. तलब स्केल : नेपाल सरकारले तोके बमोजिम ।
९. दरखास्त बुझाउने समय : विद्यालयको समयमा ।
१०. दरखास्त दिने मिति :- २०८२/०८/२१ गतेदेखि २०८२/०९/०६ गते सम्म ।
११. सम्पर्क मिति :- २०८२/०९/०७ गते (२०८२/०९/०६)
१२. दरखास्तसाथ पेश गर्नुपर्ने कागजाताहरु :-
   १. नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि थान -२
   २. शैक्षिक योग्यताको प्रतिलिपि थान- २
   ३. पासपोर्ट साइजको फोटो २ प्रति

सम्पर्क नं. ९८०८६२४७९४

प्र.अ
प्रधानाध्यापक

भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*